# दोर्दी खोला जलविद्युत कम्पनी लिमिटेड
# Dordi Khola Jal Bidhyut Company Limited

**रजिष्ट्रर्ड कार्यालयः** गोदावरी न.पा.-०८ ललितपुर, **कर्पोरेट कार्यालयः** त्रिपुरेश्वर-११, काठमाडौं
फोनः ०१-५३३२७४९/०१-५३५१४६३
इमेलः info@dordikhola.com.np वेबसाईटः www.dordikhola.com.np

**को**

## संस्थापक/सर्वसाधारण समूहको हकप्रद शेयर लिलाम बढाबढ गरी बिक्री गर्ने बारेको शिलबन्दी बोलपत्र आव्हानको सूचना

**शिलबन्दी बोलपत्र पेश गर्ने शुरु मिति : २०८२/०२/११**
**शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८२/०२/१९**

दोर्दी खोला जलविद्युत कम्पनी लिमिटेडको १ : १ अनुपातमा प्रति शेयर अंकित मूल्य रु.१००/- दरका १,०५,४२,६०४ कित्ता हकप्रद शेयर बिक्री खुल्ला गरि आवेदन माग गरिएकोमा निम्नानुसार १९,४६,६७६ कित्ता शेयर खरीदका लागि आवेदन नपरेकाले प्रचलित कानून तथा धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ को निर्देशन नं. १५ समेतको प्रावधानलाई आधार मानी उक्त शेयरहरु बोलकबोल प्रकृया मार्फत लिलाम बढाबढ गरी बिक्री गर्न निष्काशनकर्ता कम्पनीको सञ्चालक समितिको निर्णयानुसार उक्त शेयरहरु खरीद गर्न इच्छुक योग्य जो कोही व्यक्ति, कम्पनी, संघ, संस्थाहरुले प्रति कित्ता के कति दर रेटमा लिन कबुल गर्ने हो **यही मिति २०८२ जेष्ठ १९ गते सोमबार (बैकिङ्ग समय)** सम्म देहाय बमोजिमको स्थानहरुमा आइपुग्ने गरी तपसिलमा उल्लेखित शर्तहरुको अधीनमा रही गोप्य शिलबन्दी बोलपत्र आवेदन पेश गर्न आह्वान गरिन्छ ।

**तपसिल**

**बोलपत्रद्धारा बिक्री गरिने शेयरको विवरण:**

| विवरण | शेयर कित्ता | कैफियत |
|---|---|---|
| १. संस्थापक समूहतर्फ | १२,८५,०४१ | मिति २०८२/०३/०७ गतेसम्म लकईनमा रहने |
| २. सर्वसाधारण समूहतर्फ | १,६५,९५६ | |
| ३. सर्वसाधारण समूहतर्फ | ४,९५,६७९ | लकईनमा नरहेको शेयर |
| **जम्मा** | **१९,४६,६७६** | |

**बोलपत्र आवेदन फारम प्राप्त गर्ने र बुझाउने स्थानहरु**

| क्र.सं. | संकलन केन्द्रको नाम | ठेगाना | जिल्ला | प्रदेश |
|---|---|---|---|---|
| १. | **सानिमा क्यापिटल लिमिटेड** | सम मार्ग, नक्साल | काठमाण्डौ | बागमति |
| २. | **सानिमा बैंक लिमिटेड** | विराटनगर | मोरङ्ग | कोशी |
| | | विर्तामोड | झापा | |
| | | वीरगन्ज | पर्सा | मधेश |
| | | जनकपुर | धनुषा | |
| | | भरतपुर | चितवन | बागमति |
| | | हेटौंडा | मकवानपुर | |
| | | पोखरा (न्यूरोड) | कास्की | गण्डकी |
| | | बुटवल | रुपन्देही | लुम्बिनी |
| | | घोराही | दाङ्ग | |
| | | नेपालगन्ज | बाँके | |
| | | विरेन्द्रनगर | सुर्खेत | कर्णाली |
| | | धनगढी | कैलाली | सुदुरपश्चिम |
| | | महेन्द्रनगर | कञ्चनपुर | |
| ३. | **गरिमा विकास बैंक लिमिटेड** | बाग्लुङ्ग | बाग्लुङ्ग | गण्डकी |

**शर्तहरुः**

१. बोलपत्र आवेदन फारम रु.१००/- भुक्तानी गरी माथि उल्लेखित संकलन केन्द्रहरुबाट प्राप्त गर्न सकिनेछ ।

२. शेयरको न्यूनतम मूल्य प्रति शेयर रु.१००/- तोकिएको हुँदा सो वा सो भन्दा बढी मूल्य अंकित गरी बोलकबोल गर्नुपर्नेछ । एकै व्यक्ति वा कम्पनीले विभिन्न मूल्यमा शेयर खरीदको लागि भिन्दा भिन्दै शिलबन्दी खामभित्र आवेदन दिनु पर्नेछ । लगानी व्यवस्थापकले आफ्ना ग्राहकहरुको नामबाट आवेदन गर्दा आफ्नो आधिकारिक पत्र मार्फत तोकिए अनुरुपको सूची बनाई सम्पूर्ण आवेदकहरुको लागि गरिने लगानी रकम लगानी व्यवस्थापकले एउटै चेक मार्फत पेश गर्न सक्नेछ । कबोल गर्ने दर दशमलब पछिको दुई अंक मात्र मान्य हुनेछ । साथै, बोलपत्र फारम शिलबन्दी गरिएको हुनुपर्नेछ ।

३. बोलपत्र आवेदन फारममा आफुले लिन चाहेको शेयर संख्या तथा प्रति कित्ता दर तथा कबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट लेख्नु पर्नेछ । अंक र अक्षरमा लेखेको फरक भएमा अक्षरले लेखेकोलाई मान्यता दिईनेछ । केरमेट भएको ठाउँमा दस्तखत गर्नुपर्नेछ । धेरै केरमेट भई कबोल गरेको शेयर संख्या, प्रति कित्ता शेयर मूल्य वा जम्मा रकम नबुझिने भएमा त्यस्तो बोलपत्रलाई मान्यता दिईने छैन ।

४. बोलपत्रदाताले बोलपत्रमा आफ्नो नाम, ठेगाना, टेलिफोन नम्बर, खाता रहेको बैंकको नाम र खाता नं. तथा आफ्नो हितग्राही खाता नं. (Demat No.) लगायत बोलपत्र आवेदन फारममा उल्लेखित सम्पूर्ण विवरण स्पष्ट रुपमा अनिवार्य उल्लेख गर्नुपर्नेछ । साथै, शिलबन्दी खाम बाहिर अनिवार्य रुपमा आवेदकको नाम, ठेगाना, हितग्राही खाता नं., बैंकको नाम, बैंक खाता नं. र फोन नं. उल्लेख गरिएको हुनुपर्नेछ ।

५. बोलपत्र पेश गर्दा न्यूनतम १०० कित्ता वा सो भन्दा बढी सम्पूर्ण शेयर कित्ताका लागि आवेदन दिन सकिनेछ । दशमलबमा (खण्डित रुपमा) आउने गरी शेयर आवेदन गर्न पाइने छैन । रु.५ लाखसम्मको आवेदन दिनेले स्वेच्छिक रुपमा र रु.५ लाख भन्दा बढी रकमको आवेदन दिनेले अनिवार्य रुपमा आफ्नो स्थायी लेखा नं.(PAN) आवेदन फारममा उल्लेख गर्नुपर्नेछ ।

६. शेयर आवेदन फारम नेपाली तथा अंग्रेजी भाषामा पूर्णरुपले भरी बोलपत्रदाताले बोलपत्र आवेदन साथ आफुले खरीद गर्न चाहेको शेयरको सम्पूर्ण रकम मिति २०८२/०२/१९ गते बैकिङ्ग समयभित्र तल उल्लेख गरे बमोजिमको बैंक खातामा कुल रकम जम्मा गरेको सक्कल भौचर (Deposit Slip)/IPS Transfer Slip/Good For Payment Cheque संलग्न गर्नुपर्नेछ । Good For Payment नभएको चेकलाई मान्यता दिईने छैन् । साथै Good For Payment गर्दा लाग्ने शुल्क तथा रु.२ लाख भन्दा बढी रकमको Good For Payment को चेक जम्मा गर्नेको हकमा चेक क्लियरिङ्ग शुल्क वापतको रकम आवेदक स्वयंले व्यहोर्नु पर्नेछ । यदि कुनै आवेदकको क्लियरिङ हुने चेक जम्मा गरि आवेदन दिने अन्तिम मिति भन्दा पछि खातामा रकम जम्मा भएमा उक्त आवेदनलाई बाँडफाँड प्रकृयामा समावेश गरिने छैन ।

**बैंक खाताको विवरण**

| क्र.सं. | बैंकको नाम | खाताको नाम | खाता नं. |
|---|---|---|---|
| १. | **सानिमा बैंक लि.,नक्साल, काठमाण्डौ** | Sanima Capital Ltd (Dordi Right) | ९०९०१००१००००४६३ |

७. बोलपत्र आवेदन पेश गर्दा शिलबन्दी खाम बाहिर आफूले लिन चाहेको समूह निम्नानुसार उल्लेख गरी आवेदन दिनुपर्नेछ :
**क. दोर्दी खोला जलविद्युत कम्पनी लिमिटेडको "संस्थापक समूहको" शेयर खरिद आवेदन ।**
**ख. दोर्दी खोला जलविद्युत कम्पनी लिमिटेडको "सर्वसाधारण समूह तर्फको लकईनमा नरहेको" शेयर खरिद आवेदन ।**
**ग. दोर्दी खोला जलविद्युत कम्पनी लिमिटेडको "सर्वसाधारण समूह तर्फको लकईनमा रहेको" शेयर खरिद आवेदन ।**

८. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था हुनुपर्नेछ । बोलपत्र आवेदक संगठित संस्था, फर्म वा कम्पनी भएमा कम्पनी दर्ता प्रमाणपत्र, आयकर दर्ता प्रमाणपत्र, स्थायी लेखा नं. (PAN), पछिल्लो आ.व.को कर चुक्ता प्रमाणपत्र तथा शेयर खरीद गर्ने सम्बन्धमा सञ्चालक समितिको निर्णय/निर्णय उतार, अख्तियारनामाको प्रतिलिपि समेत संलग्न गर्नुपर्नेछ ।

९. बोलपत्र आवेदन फारम **२०८२ जेष्ठ १९ गते सोमबार (बैकिङ्ग समय) सम्म** यस निष्काशनका लागि तोकिएको संकलन केन्द्रहरुमा दर्ता भई सक्नुपर्नेछ । कुनै शर्त राखी पेश गरेको वा रित नपुगेको वा म्याद नाघि आएको बोलपत्रलाई मान्यता दिईने छैन ।

१०. बोलपत्र दाखिला गरिसकेपछि बोलपत्रमा कबोल गरेको शेयर संख्या वा रकममा कुनै हेरफेर गर्न वा बोलपत्र फिर्ता लिन सकिने छैन ।

११. संकलन केन्द्रहरुबाट बोलपत्रहरु प्राप्त गरि बिक्री बन्द भएको मितिले ७ (सात) कार्यदिनभित्र बोलपत्र खोलिने मिति, समय र स्थान उल्लेख गरी राष्ट्रिय स्तरको पत्रिकामा सूचना प्रकाशन गरी जानकारी गराए पश्चात् बोलपत्रहरु खोलिनेछ ।

१२. काबु बाहिरको परिस्थिति पर्न गई कुनै संकलन केन्द्रबाट बिक्री प्रबन्धकको कार्यालयमा समयमा बोलपत्र प्राप्त हुन नसकेमा तथा नष्ट भएमा सो व्यहोरा नेपाल धितोपत्र बोर्डलाई जानकारी गराई बोर्डको राय लिएर मात्र लिलाम बढाबढको प्रक्रिया अगाडी बढाईनेछ ।

१३. प्राप्त बोलपत्रहरुको छानविन गरी रितपूर्वक प्राप्त बोलपत्रहरु मध्ये सबै भन्दा बढी बोलकबोल गर्ने आवेदकलाई शेयर बाँडफाँड गरिनेछ । यसबाट पनि शेयर बाँकी रहेमा त्यस पछिको बढी रकम कबोल गर्नेलाई क्रमशः बाँडफाँड गरिनेछ । बोलकबोलमा शेयर बिक्री गर्दै जाँदा एउटै मूल्यमा दुई वा दुई भन्दा बढी बोलपत्र आवेदनहरु पर्न गई बाँडफाँड हुन बाँकी शेयर भन्दा बढीको माग भएमा माग गरेको शेयरको आधारमा समानुपातिक रुपमा शेयर बाँडफाँड गरिनेछ ।

१४. बोलपत्र आवेदनहरु मध्ये बाँडफाँडमा नपरेका आवेदकहरुको बोलकबोल वापत जम्मा भएको रकम धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ मा तोकिएको समयावधी भित्रमा IPS मार्फत आवेदकहरुको बैंक खातामा सोझै फिर्ता भुक्तानी गर्ने व्यवस्था गरिनेछ । साथै यस्तो फिर्ता गरिने रकममा कुनै ब्याज प्रदान गरिने छैन ।

१५. यस सूचना बमोजिम निष्काशन गरिएको शेयरका लागि लिलाम बढाबढ गर्दा सबै शेयर खरिदका लागि दरखास्त नपरे पनि निवेदन परेको शेयर सम्बन्धित निवेदकलाई बाँडफाँड गरी बाँकी रहेको शेयर पुनः लिलाम बढाबढ गरी बिक्री गरिनेछ ।

१६. शेयर बिक्री गर्ने वा नगर्ने वा आवेदनमा माग गरेको भन्दा कम शेयर बाँडफाँड गर्ने वा बोलपत्र आवेदन तथा शेयर बाँडफाँड सम्बन्धी कुनै विवाद उत्पन्न भएमा सो को अन्तिम निर्णय गर्ने अधिकार निष्काशनकर्ता कम्पनीको सञ्चालक समितिमा रहनेछ ।

१७. बोलपत्र स्वीकृत भएको खण्डमा बोलपत्र स्वीकृतिको जानकारी बिक्री प्रबन्धक सानिमा क्यापिटल लिमिटेड, सम मार्ग, नक्साल, काठमाण्डौमा रहेको कार्यालय तथा वेबसाइट www.sanima.capital मार्फत हेर्न सकिनेछ ।

**बिक्री प्रबन्धकः**

**SanimaCapital**

(A wholly owned subsidiary of Sanima Bank Ltd.)

रजिस्टर्ड कार्यालयः सम मार्ग, नक्साल-१, काठमाण्डौ ।
फोन नं. ०१-४५४०५०८, ०१-४५३६३७५, ०१-४५३५९३६
Email: sanimacapital@sanimabank.com Website: www.sanima.capital